धनगढी उपमहानगरपालिका

DHANGADHI SUBMETROPOLITAN CITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

Dhangadhi, Kailali, Sudurpaschim Province, Nepal

विषय : धनगढी शैक्षिक सूचना, २०८३ छपाई तथा खरिद कार्यका लागि सिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति: २०८३/०८/०३

धनगढी उपमहानगरपालिकाद्वारा धनगढी शैक्षिक सूचना, २०८३ छपाई तथा खरिद तथा वितरण गर्ने कार्यका लागि इच्छुक व्यवसायी/फर्म वा कम्पनीहरुको जानकारीको लागि तपसिल बमोजिमको कार्य गर्न शिलवन्दी दरभाउ पत्र पेश गर्नका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

२०८३।८।३

घुम्मन सिं बडायक

शाखा अधिकृत

१. धनगढी शैक्षिक सूचना, २०८३ छपाई तथा खरिद कार्यको विवरण यस प्रकार छ :

क्र. स.	विवरण	स्पेशिफिकेशन	परिमाण	जम्मा रकम (मु. अ. क. बाहेक)	दररेट पेश गर्ने अन्तिम समय	कैफियत
१	धनगढी शैक्षिक सूचना, २०८३	पुस्तक मेटल प्लेट प्रिन्टिङ, ७.५ × १० इन्च ± ०.५ इन्च प्रफेक्ट साइज भएको ७० को ग्राम पेपर १००% ब्राइटनेस, १३० पाना, २६० पृष्ठ संख्या भएको २५० ग्रामको लिमिनेसन गरिएको आर्ट पेपरको कभर पेजले प्रफेक्ट ग्लु बाइन्डिङ गरिएको पुस्तक	७५० थान	रु. १,५०,०००।-	२०८३।०८।१० दिउँसो १२:०० बजेभित्र	

२. धनगढी शैक्षिक सूचना, २०८३ को छपाई तथा खरिद कार्यका लागि तालिकामा उल्लेखित स्पेसिफिकेशन भएको शिक्षा, युवा तथा खेलकुद महाशाखाले दिएको निर्देशन, विषयवस्तु र फोटो छपाई हुने दरभाउ पत्र टेन्डर दस्तुर बापत रू. १०००।- (एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस उपमहानगरपालिकाको राजस्व शाखाबाट BoQ खरिद गर्न सकिनेछ ।

३. BoQ मा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पस्ट बुझिने गरि लेखेर पेश गर्नुपर्ने छ ।

४. दरभाउ पत्र साथ जमानत वापत यस कार्यालयको राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको धरौटी खाता ४१७०१००३०३०००००२ मा धनगढी शैक्षिक सूचना, २०८३ छपाई तथा खरिदका लागि रू. ७५००।- (सात हजार पाँच सय मात्र) जम्मा भएको भौचर पेश गर्नुपर्नेछ वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट धनगढी उपमहानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

५. व्यवसायी/फर्म वा कम्पनीहरुले ठेक्का प्रक्रियामा समावेश हुनका लागि व्यवसाय/फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र र आ.व. २०८१।०८२ को आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

६. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ। पेश हुन आएका सिलबन्दी दरभाउ पत्र सोहि दिनको २:०० बजे खोलिने हुँदा सो समयमा दरभाउपत्र वा निजले तोकेको व्यक्ति उपस्थित हुनुपर्नेछ। उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

७. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ।

८. कुनै पनि व्यक्ति, फर्म वा कम्पनीको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै उचित प्रतिस्पर्धा भएको नपाईएमा यस कार्यालयबाट पुनः सूचना प्रकाशित गर्न सकिनेछ।

९. यस सूचनामा उल्लेख नभएका कुरा दुवै पक्षबीच हुने सम्झौता एवम् कार्यालयको निर्णय र प्रचलित ऐन, कानून बमोजिम हुनेछ। साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ।

१०. यो सूचना धनगढी उपमहानगरपालिकाको वेबसाइट: www.dhangadhimun.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ।